आज मिति २०७९।०६।१४ गते शुक्रबारको दिनको ३:०० बजे यस मध्यपुर थिमि नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको तेस्रो बैठक बस्यो ।

उपस्थिति

| क्र.सं. | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थित |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थित |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबु काजी डंगोल | उपस्थित |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थित |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्ण हरि आचार्य | अनुपस्थित |
| ६. | वडा अध्यक्ष,वडा नं.४ | श्री बाल कृष्ण (पात्या) श्रेष्ठ | उपस्थित |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बाल कृष्ण श्रेष्ठ | उपस्थित |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञान दास प्रजापती | उपस्थित |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थित |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थित |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजवाहक | उपस्थित |
| १२ | कार्यपालिका सदस्य | श्री सरस्वती खड्का | उपस्थित |
| १३ | कार्यपालिका सदस्य | श्री सिता विश्वकर्मा | उपस्थित |
| १४ | कार्यपालिका सदस्य | श्री शर्मिला विश्वकर्मा | उपस्थित |
| १५ | कार्यपालिका सदस्य | श्री उजला थापाा श्रेष्ठ | उपस्थित |
| १६ | कार्यपालिका सदस्य | श्री तुइलमाया च्रकधर | उपस्थित |
| १७ | कार्यपालिका सदस्य | श्री सरोज परियार | उपस्थित |
| १८ | कार्यपालिका सदस्य | श्री जसे सार्की | उपस्थित |
| १९ | कार्यपालिका सदस्य | श्री बालकृष्ण परियार | उपस्थित |
| २० | सदस्य सचिव | श्री बिजयराज सुबेदी | उपस्थित |
| आमन्त्रित | | | |
| १ | महाशाखा प्रमुख | श्री केशव सिलवाल | उपस्थित |
| २ | महाशाखा प्रमुख | श्री सत्य नारायण साह | उपस्थित |
| ३ | शाखा अधिकृत | श्री धन कृष्ण श्रेष्ठ | उपस्थित |
| | | | |
| | | | |
| | | | |

निर्णय नं. १
मध्यपुर थिमि नगरपालिकाको उपभोक्ता समिति मार्फत सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धि कार्यविधि २०७९ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

# उपभोक्ता समिति मार्फत
# सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि, २०७९

## मध्यपुर थिमि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मध्यपुर थिमि, भक्तपुर

बागमती प्रदेश, नेपाल

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

निर्णय नं. 2
मध्यपुर थिमी नगरपालिकाको अनुदान तथा औषधी उपचार कार्यविधि 2079 लाई स्वीकृत गर्ने निर्णय गरियो।

## अनुदान तथा औषधो उपचार कार्यविधि-२०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/.../......

**प्रस्तावना**

मध्यपुर थिमी नगरपालिकाबाट विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूलाई प्रदान गरिने आर्थिक, प्राविधिक, कार्यक्रम तथ जिन्सी मालसामान लगायतका अनुदान छिटो, छरितो, मितव्ययी, पारदर्शी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र अनुदान प्राप्त गर्ने संघ संस्थाहरूलाई अनुशासित, जवाफदेही, उत्तरदायी बनाई परिणाम हासिल गर्न,मध्यपुर थिमी नगरपालिको कोषको सही सदुपयोग गर्न र गराउन स्थानीय सरकार संचालन, ऐन २०७४ को दफा १०२ ले दिएका अधिकार प्रयोग गरी यो निर्देशिका बनाइ लागु गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

1. **संक्षिप्त नाम र प्रारम्भः**
   (1) यस निर्देशिकाको नाम "मध्यपुर थिमी नगरपालिका अनुदान तथा औषध उपचार कार्यविधि २०७९" रहनेछ ।
   (2) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।
2. **परिभाषा र व्याख्याः**
   (1) "अनुदान" भन्नाले नगरपालिकाबाट वार्षिक बजेट र स्वीकृत कार्यक्रम अनुरुप अनुदानग्राहीलाई नगरपालिकाको प्रचलित कानून अनुसार लेखा राख्ने, लेखा परीक्षण गराउने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने जिम्मेवारी रहने गरी प्रदान गरिने आर्थिक वा वस्तुगत सहयोग रकमलाई सम्झनु पर्छ र सो शब्दले नगरपालिकाले कार्यक्रम कार्यान्वयनका लागि व्यक्ति वा संस्थासँग गरिने लागत साझेदारी समेतलाई सम्झनु पर्छ । सो शब्दले कुनै व्यक्ति वा संस्थालाई प्रदान गरिने संस्थागत अनुदान, कार्यक्रम अनुदान र पुँजीगत अनुदान समेतलाई जनाउछ ।
   (2) "अनुदानग्राही" भन्नाले नगरपालिकाबाट अनुदान प्राप्त गर्ने निकाय वा उपभोक्ता समिति वा सामाजिक वा शैक्षिक संघ संस्था वा निजी क्षेत्र वा प्रचलित कानून बमोजिम स्थापना भएका कम्पनी वा संघ संस्था वा सहकारी वा समूह वा गुठी वा वोर्ड वा सोही प्रकृतिका निकाय वा संस्थालाई सम्झनु पर्छ ।
   (3) "ऐन" भन्नाले"स्थानीय सरकार संचालन, ऐन २०७४" लाई सम्झनु पर्छ ।
   (4) "कार्यपालिका" भन्नाले मध्यपुर थिमी नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।
   (5) "विधान" भन्नाले संस्थाका स्वीकृत विधानलाई सम्झनु पर्छ ।
   (6) "जाँचपास" भन्नाले प्रचलित कानून बमोजिम प्राविधिक जाँच गर्नुपर्ने विषयहरूमा सो सम्बन्धी योग्यता पुगेको प्राविधिकबाट कार्यक्रम/आयोजनाका सम्वन्धमा सम्पादित कामको मूल्याङ्कन गर्ने कार्य सम्झनु पर्छ ।
   (7) "सञ्चालक समिति वा कार्यकारी समिति"भन्नाले संस्थाको विधान अनुसार कार्यकारीको रुपमा कार्य गर्ने गरी गठित अधिकार प्राप्त समितिलाई सम्झनु पर्छ ।
   (8) "संस्था" भन्नाले प्रचलित कानुन बमोजिम गठित सामाजिक, आर्थिक, साहित्यिक, शैक्षिक,बौद्धिक, धार्मिक,साँस्कृतिक, वैज्ञानिक आदि कार्य गर्न गठित संघ, संस्था, संगठन, क्लब, अध्ययन केन्द्र, मण्डल, परिषद आदि गैर सरकारी निकायहरू र विद्यालय, महाविद्यालय, स्वास्थ्य संस्थाहरूलाई सम्झनु पर्छ ।
   (9) "प्रस्ताव" कार्यक्रमको विस्तृत विवरण सहित अनुदान माग गरिएका अनुसुचि २ वमोजिमको निवेदनसहितको आयोजनालाई सम्झनु पर्छ ।
   (10)"फरफारक" भन्नाले कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवार निकायले कार्यक्रम सम्पन्न भएपछि सो कार्यक्रम सम्बन्धी खर्च पुष्टिका प्रमाणहरू संलग्न गरी कुनै दायित्व नरहेको निश्चित गरी अभिलेखीकरण गर्ने कार्यलाई सम्झनु पर्छ ।
   (11)"लागत" कार्यक्रमका लागि लाग्ने कुल खर्च रकमलाई सम्झनु पर्छ ।
   (12)"लेखा परीक्षण प्रतिवेदन" प्रचलित कानून द्धारा मान्यता प्राप्त लेखा परिक्षकवाट संस्थाको लेखा परिक्षण गरी दिएको प्रतिवेदनलाई सम्झनु पर्छ ।
   (13)"सभा" भन्नाले मध्यपुर थिमी नगरपालिकाको नगरसभालाई सम्झनु पर्छ ।
   (14)"सार्वजनिक निजी साझेदारी" भन्नाले मध्यपुर थिमी नगरपालिकासँग करार गर्न योग्य कानुनी व्यक्तिबीच लगानी

**निर्णय नं.३**

मध्यपुर थिमि नगरपालिकाको मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन समिति सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

## मध्यपुर थिमि नगरपालिकाको

## मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन समिति सञ्चालन कार्यविधि– २०७९

**प्रस्तावना :**

मध्यपुर थिमि क्षेत्रमा भएका विभिन्न शिलापत्र र अन्य अभिलेखमा उल्लेख भए अनुसार मध्यपुर थिमि नगर भित्रका ऐतिहासिक बस्तीहरु किराँतकालमै स्थापना भई लिच्छविकालमा विकसित भएको देखिन्छ र यि बस्ती भित्रका हरेक टोलहरुको मौलिक नामाकरण भएको पाईन्छ । यसरी नामकरण भएका टोल बस्तीहरु, व्यक्ति वा स्थान विशेषको पहिचानसंग समेत जोडिएको हुन्छ । कुनै पनि स्थानहरुको मौलिक नाम र नाम पद्धतिहरु त्यहाँको इतिहासका मूल श्रोतहरु समेत हुन । स्थानीय मौलिक नामलाई अपभ्रंस, परिवर्तन वा प्रयोगविहिन हुनवाट जोगाएर अभिलेखिकरण एवम् प्रतिस्थापन गरेर मध्यपुर थिमि क्षेत्रका टोल बस्तीको इतिहास एवम् संस्कृतिको साथै पहिचानलाई समेत जगेर्ना गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ ङ र दफा १२ ख मा उल्लेखित काम कर्तव्य र अधिकार अनुसारको स्थानीय अभिलेख व्यवस्थापन र तथ्याङ्क अद्यावधिक तथा संरक्षण सम्वन्धी कार्य गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u> (१) यस कार्यविधिको नाम " मध्यपुर थिमि नगरपालिकाको मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन समिति सञ्चालन कार्यविधि –२०७९ रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२. <u>परिभाषा :</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(१) " अभिलेखिकरण " भन्नाले मध्यपुर थिमि नगरपालिका क्षेत्र भित्रका टोल बस्तीहरुको मौलिक नामको अभिलेखिकरण सम्झनु पर्छ ।

(२) "ऐन " भन्नाले स्थानीय सरकार सञ्चालन ऐन सम्झनु पर्छ ।

(३) " कार्यालय " भन्नाले मध्यपुर थिमि नगरपालिकाको कार्यालय सम्झनु पर्छ ।

(४) " कार्यपालिका " भन्नाले मध्यपुर थिमि नगरपालिका, नगर कार्यपालिका सम्झनु पर्छ ।

(५) " प्रमुख " भन्नाले मध्यपुर थिमि नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(६) " उप प्रमुख " भन्नाले मध्यपुर थिमि नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(७) " प्रमुख प्रशासकीय अधिकृत " भन्नाले मध्यपुर थिमि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(८) " वडा अध्यक्ष " भन्नाले मध्यपुर थिमि नगरपालिकाका वडा अध्यक्षहरु सम्झनु पर्छ ।

(९) " समिति " भन्नाले मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन समिति सम्झनु पर्छ ।

(१०) " कार्यविधि " भन्नाले मध्यपुर थिमि नगरपालिकाको मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन कार्यविधि २०७९ सम्झनु पर्छ ।

निर्णय नं ४.

यस नगरपालिकामा कार्यरत शहरी बिकास तथा योजना महाशाखाका महाशाखा प्रमुख श्री सत्य नारायण साहलाई तोकिएको जिम्मेवारीका अतिरिक्त अर्को ब्यबस्था नभएसम्म कमेरोटार जग्गा एकिकरण आयोजनामा आयोजना प्रमुखको रुपमा कार्य गर्ने गरी जिम्मेवारी तोक्ने ।

निर्णय नं ५

नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल र कोईका नेपाल बिचमा The project for capacity building of medical service to achieve universal Health coverage for the poor in vulnerable areas in Bhaktapur Nepal सम्झौतामा नगरपालिकाको तर्फबाट नगर प्रमुखलाई सम्झौता गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं ६.

नगर प्रहरीको जीवन बिमा गर्ने र रात्री समयमा पालो पहरा बस्ने नगर प्रहरीलाई प्रचलित नर्म्स अनुसार रासन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय न ७.

यस नगरपालिका र बतास एसोसियट प्रा.लि. बिचमा मिति २०७५।८।२० मा भएको सम्झौताको बिस्तृत अध्ययन गरी प्रतिबेदन पेश गर्न गठित समितिको म्याद १ महिना थप गर्ने निर्णय गरियो ।

निर्णय नं ८.

यस नगरपालिका , Rotary club of Madhyapur र Fukuka Southeast Rotary Club Fukuka , Japan संग Fukuka method बाट फोहोरमैला ब्यबस्थापन गर्ने सम्बन्धमा मिति २०७६ असार ७ गते त्रिपक्षीय MOU भएकोमा यस नपा वडा नं ९ निलबाराही क्षेत्रका बासिन्दाबाट उक्त क्षेत्रमा फोहोरमैला ब्यबस्थापन गर्न असहमत प्रकट गरेकाले उक्त कार्य तत्काल अगाडी बढाउन नसकिने ब्यहोरा सो क्लबलाई जानकारी गराई फोहोरमैला ब्यबस्थापनको अन्य क्षेत्रमा सहकार्य गर्न अनुरोध गर्ने ।

निर्णय नं ९

जेष्ठ नागरिक स्वास्थ्य वीमा योजना प्रतिबेदन आजको बैठकमा छलफल हुदां सो लाई स्विकृत गरि कार्यान्वयनमा लाने निर्णय गरियो ।

निर्णय नं १०.

यस नगरपालिका अर्न्तगतका देहाय बमोजिमका वडा कार्यालयहरुमा कार्यरत देहाय बमोजिमका सहयोगी कर्मचारीहरुलाई २०७९ श्रावण १ गते देखी नै लागु हुने गरी मासिक रु. २१०००। (एकाईस हजार मात्र ) उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क.स | नाम,थर | कार्यरत वडा |
|---|---|---|
| १ | शोभा प्रजापति | वडा नं १ |
| २ | भोजराज कुमारी श्रेष्ठ | वडा नं २ |
| ३ | हरिमाया त्वना | वडा नं ३ |
| ४ | रत्न केशरी श्रेष्ठ | वडा नं ४ |
| ५ | रत्न शोभा प्रजापति | वडा नं ६ |
| ६ | धन लक्ष्मी भिन्तुना | वडा नं ८ |
| ७. | सविता घिमिरे | वडा नं ९ |

निर्णय नं ११.

यस नगरपालिकाको परम्परागत कला संस्कृतिको जगेर्ना गर्दै मनाईने देहाय बमोजिमका चाड पर्बलाई देहाय बमोजिमको रकम चालु आ.बको ख.शि नं २५३१४ मा विनियोजित बजेटबाट खर्च ब्यर्होने गरी अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| सि.नं | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | खां पिहां वईगु जात्रा खड्गे नायो कृष्ण वहादुर खड्गी | रु ३०,०००।- | |
| २ | बोडे दशैं पुजा | रु.३०,०००। - | |
| ३ | खां पिहां वईगु जात्रा सामान बनाउन | रु.९०,०००। - | |
| ४ | लायकु थिमि तलेगु पुजा | रु.३०,०००। - | |
| ५ | हिं कोचा पुजा | रु.३०,०००।- | |

निर्णय नं १२ :

सहिद स्मारक सी डिभिजन लिग छनौट प्रतियोगितामा सहभागी हुन निम्न क्लबहरुलाई निम्नानुसारको रकम चालु आ.बको सि.नं २४४ ख.शि.नं २२५२२ मा बिनियोजन बजेट मध्येबाट लागत सहभागीता गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं | नाम | रकम |
|---|---|---|
| १. | सत्य संसार म.थि.न.पा ८ | रु. ५०,०००। |
| २. | नेपा फुटवल टिम म.थि.न.पा ८ | रु. ५०,०००। |
| ३. | दिब्यश्वरी एफ.सी | रु. ५०,०००। |
| ४. | थिमि युथ्र कल्ब म.थि.न.पा ६ कमेरोटार | रु. ५०,०००। |

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७२

निर्णय नं १३ .

यस नगरपालिकाको आर्थिक ऐन २०७९ मा छुट हुन गएको भन्सार एजेन्ट ब्यबसाय दर्ता कर रु. १५,००० । (अक्षरेपी पन्ध्र हजार मात्र) दर रेट तोक्ने गरी नगर प्रमुखबाट मिति २०७९ ।०६।०७ मा भएको निर्णयलाई अनुमोदन गर्ने ।